

नेपाल सरकार
Government of Nepal
कृषि विकास मन्त्रालय
Ministry of Agricultural Development
सिंहदरबार, काठमाण्डौ, नेपाल
Singhadurbar, Kathmandu, Nepal

AFACI
Asian Food & Agriculture Cooperation Initiative

# अनार खेती पात्रो (Pomegranate Calendar)

| अनार खेतीका मुख्य कृषि कार्य (प्रमूख कर्महरु) | बैशाख | जेष्ठ | आषाढ | श्रावण | भाद्र | आश्विन | कार्त्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हप्ता | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ |
| मौसम | | | | | | | | | | | | |
| अनार फल खेतीका लागि | | | | | | | | | | | | |





| अवस्था | कार्य | विवरण |
|---|---|---|
| तयारीको अवस्था | बिरुवा छनौट | उन्नत जातको गुणस्तरीय र उपयुक्त साइजको कलमी बिरुवा छनौट गर्ने । |
| | माटोको उपचार | ट्राईकोडर्माको माटोमा वृद्धि हुनाको लागि गोठको मल २ के.जी. प्रति बोटका दरले हाल्दा राम्रो हुन्छ । |
| | जातको छनौट | मृदुला, सिन्दुरी, रुबी, पेपर सेल, धोल्खा, मस्काट रेड, बेदना, गणेश, कान्धारी, आदि । |
| बिरुवा रोप्ने र स्याहार सुसारको अवस्था | रेखाङ्कन र बिरुवा रोप्ने | वर्गाकार □ वा षटकोणाकार ⬡, गह्वा कान्ला तरिका। ३-६ मि. को दुरीमा लगाउने। रोप्नुभन्दा २-३ महिना अगाडी १ मी. लम्बाई × १ मी. चौडाई × १ मी. गहिरोको खाल्टो बनाउनुपर्छ। खाल्टोमा कुहिएको कम्पोष्ट वा गोबर मल हाल्नुपर्छ । |
| | बिरुवा रोप्ने समय | सिंचाई भएको ठाउमा पुष-माघ महिनामा र असिंचित ठाउँमा वर्षा याममा लगाउनु पर्दछ । यदि हिउँदमा पात झरेको बिरुवा छ भने बिरुवामा मुना फुक्नु अगावै रोपी सक्नुपर्दछ । |
| | सिंचाई | अनार खेती गर्न सिंचाईको व्यवस्था राम्रो हुनुपर्छ । बिरुवाको फेदमा कुलेसो बनाएर वा ड्रिप सिंचाई दिनु राम्रो हुन्छ । |
| | झारपात नियन्त्रण | हातले झारपात निकालेर गोडमेल गर्ने (झारपात उम्रेको खण्डमा जुनै बेला पनि गर्न सकिन्छ) । |
| | तालिम तथा काँटछाट | बिरुवा रोपेको १ वर्षपछि वा बोटको उचाइ १ मिटर भएपछि हिउँदको समयमा ७५ से.मि. माथिको टुप्पा काटेर हटाइदिने र जमिनको सतहभन्दा ६०-७० से.मि. माथिको उचाइमा भएका ४-५ वटा हाँगालाई चारैतर्फ फैलिने गरी मिलाएर राखी अन्य भागहरु सबै काटेर हटाइदिने । |
| | मलखादको मात्रा | **फल दिने बोटको लागि :** एक डोको कम्पोष्ट मल सहित नाइट्रोजन ५०० ग्राम, फसफोरस २५० ग्राम र पोटास २५० ग्राम प्रति बोटका दरले हिउँदको समयमा हाल्ने । |
| | किटनासक विषादीको प्रयोग | किराहरु देखिए मात्र प्रयोग गर्ने । |
| | रोगको व्यवस्थापन | समय समयमा कांट्छांट् गर्ने (रोगको मात्रा कम हुन्छ र फल पनि अत्याधिक लाग्छ) । |
| फूल्ने र फल लाग्ने अवस्था | फूल फूल्ने समय | माघ-फाल्गुन महिनातिर अनारमा फूल फूल्छ । तीन बर्षभन्दा अघि फूल फूलेमा वा फल लागेमा त्यसलाई हटाउनुपर्छ, त्यसपछि मात्र स्वस्थ फल उत्पादन हुन्छ । |
| | फल पाक्ने समय | रोपेको ३ बर्षपछि राम्रो उत्पादन दिन सुरु गर्छ । असार साउनदेखि भदौ असोजसम्म टिप्न सकिन्छ । |
| पाक्ने अवस्था | भण्डारण | जब फल हरियोबाट पहेँलो वा रातो रङ्गमा परिवर्तन हुन्छ । शीतगृहमा ५-७° सेन्टिग्रेड तापक्रम र ९०-९५% सापेक्षित आद्रतामा केहि महिनासम्म भण्डारण गर्न सकिन्छ । |










## अनार खेतीमा लाग्ने किराहरुको जानकारी











### अनारको पुतली नियन्त्रण विधि

१. फललाई सानो अवस्थामा नै प्लाष्टिक अथवा तेलमा डुबाएको खबर पत्रिका/कागजले राम्रोसँग थैला बनाएर ढाक्नु पर्दछ ।

२. एग्रीगार्ड २ मी.ली./लिटर पानीमा वा कार्बाराइल ०.२% झोल प्रत्येक १५ दिनको फरकमा छर्ने ।

### अनारको बोक्रा खाने लार्भा नियन्त्रण विधि

१. बगैंचा सधैं सफा सुग्घर राख्ने ।

२. बाक्लो भएको बोटहरूलाई हटाउने ।

३. थोरै कपास तारमा बेरेर मट्टितेल अथवा पेट्रोलमा चोपेर प्वाल भित्र घुसाउने र माटोले हावा नपस्ने गरी टाल्ने ।

### डाँठ प्वाल पार्ने कीरा नियन्त्रण विधि

१. बगैंचा सफा सुग्घर राखी राम्रोसँग व्यवस्थापन गर्ने ।
२. एग्रीगार्ड २ मी.ली. / लिटर पानीमा वा १५ दिनको फरकमा छर्ने ।

### रस चुस्ने कीराहरू नियन्त्रण विधि

१. बगैंचा सधैं सफा र सुग्घर राख्ने ।

२. कीराहरू लागेको देख्ना साथ टिपेर फ्याँक्ने ।

३. नियन्त्रण नभएमा १०-१५ दिनको फरकमा छर्ने ।

### पातखाने लाभा नियन्त्रण विधि

१. रोगर १.५ मी.ली. प्रति लिटर पानीमा मिसाएर १०-१५ दिनको फरकमा छर्ने ।

## रोगको व्यवस्थापन

**फल कुहिने :** यो रोग लागेमा रोगी फल र सुकेका हाँगा हटाइ क्याप्टान २.५ ग्राम प्रति लिटर पानीमा मिसाई १०-१५ दिनको फरकमा २-३ पटक छर्ने ।

## अनार खेतीको लागत खर्च आम्दानी विवरण (प्रति हेक्टर)

| सि.नं. | विवरण (स्थापना खर्च) | खर्च | वस्तुहरु | | आम्दानी (रु.) |
|---|---|---|---|---|---|
| १. | बिरुवा (कटिङ्गस)४०० x रु.१६/- | रु.६४००/- | चौथो वर्षबाट फल उत्पादन सुरु | उत्पादन (मे.ट.) | |
| २. | खाल्डो खन्ने | रु.१३,०००/- | चौथो वर्ष | ३.१२ (रु. ६०/के.जी.) | रु.१,८७,२००/- |
| ३. | सिँचाइ (इनार पम्पसेट खरिद समेत, ड्रिप सिँचाइ व्यवस्थापन) | रु.१,९०,०००/- | पाँचौं वर्ष | ३.२५ " | रु.१,९५,०००/- |
| ४. | किटनासक (स्प्रेयर) | रु.७,०००/- | छैठौं वर्ष | ३.४५ " | रु.२०,७०,०००/- |
| ५ | मलखाद | रु.५,९००/- | सातौं वर्ष | ३.८५ " | रु.२,३१,०००/- |
| ६. | अन्य खर्च | रु.३,२००/- | आठौं वर्ष | ३.९८ " | रु.२,३८,८००/- |
| | जम्मा | रु.२,२५,५००/- | नवौं वर्ष | ४.१० " | रु.२,४६,०००/- |
| | **वार्षिक सम्भार खर्च** | | दशौं वर्ष | ४.२५ " | रु.२,५५,०००/- |
| ७. | प्रथम वर्ष (फल लाग्ने समयसम्म) | रु.७२,०००/- | जम्मा | | रु.१५,६०,०००/- |
| ८. | दोस्रो वर्ष | रु.८४,५००/- | वार्षिक १५ वर्ष सरदर ४.५० मे.ट. उत्पादनको हिसाबले ४.५ x १५ x रु. ७० | | रु.४७,२५,०००/- |
| ९. | तेस्रो वर्ष | रु. ९१,७००/- | जम्मा आम्दानी (२५ वर्ष) | | रु. ६२,८५,०००/- |
| १०. | जम्मा सबै फल दिने बेलासम्म | रु. ४,७३,७००/- | | | |
| | वार्षिक सम्भार खर्च (रु.९०,०००/- x २० वर्ष) | रु. १८,००,०००/- | | आन्तरिक प्रतिफल दर (IRR) = ५९.०२% | |
| | जम्मा खर्च (२५ वर्षसम्म) | रु.२२,७३,७००/- | | | |
| | वार्षिक सरदर आम्दानी | रु.४०,११,३०० ÷ २५ = रु.१,६०,४५२/- | | | |
| | खुद नाफा (२५ वर्षको) | रु.६२,८५,०००/- रु.२२, ७३,७००/- = **रु.४०,११,३००/-** | | | |

### खेती गर्ने तरीका

चिम्टाइलो दोमट माटो राम्रो हुन्छ। लेयरिङ्ग गरेको बिरुवा लगाउँदा उत्तम हुन्छ। रोप्दा १ मी. x १ मी. x १ मी. को खाल्टो खनी त्यसमा एक डोको कम्पोष्ट मल, आधा किलो सुपर फोस्फेट, ३०० ग्राम पोटास हाली रोप्नु पर्दछ ।

### दुरी

४ x ४ मिटरको दुरीमा रोप्दा करीब २० बिरुवा प्रति कठ्ठामा लगाउन सकिन्छ ।

### सिंचाई

अनार खेती गर्न सिंचाईको व्यवस्था राम्रो हुनुपर्छ । गर्मीमा १० दिन, बर्षामा १५ दिन र हिउँदमा २० दिनको फरकमा बिरुवाको फेदमा कुलेसो बनाएर वा थोपा सिंचाई दिनु राम्रो हुन्छ ।

### माटोको उपचार

ट्राईकोडर्माको माटोमा वृद्धि हुनाको लागि गोठको मल २ के.जी. प्रति बोटका दरले हाल्दा राम्रो हुन्छ । ०.१ % कार्भेण्डाजिम झोल १० लिटर पानीका दरले दुईटा हारमा बोट राम्ररी भिज्ने गरी हाल्दा विल्ट (WILT) अथवा पात ओइलाउने रोग नियन्त्रण गर्न सकिन्छ ।

### फल लाग्ने बोटको स्याहार

अनार रोपेपछि यसको नियमित काँट्छाँट गर्न आवश्यक हुन्छ । काँट्छाँट गरेपछि १% को बोर्डो मिक्सर छर्दा विभिन्न जिवाणुलाई कम गर्न सकिन्छ र रोग कम लाग्छ । काँट्छाँटपछि इथारील १००० पि.पि.एम.को झोल छर्ने ।

काँटछाँटपछि मलखादको प्रयोग गर्नु राम्रो हुन्छ । १ के.जी. निमको केक प्रति बोट हाल्दा राम्रो हुन्छ ।

### उत्पादन

तीन वर्षभन्दा अघि फूल फूलेमा वा फल लागेमा त्यसलाई हटाउनुपर्छ, अनि मात्र स्वस्थ फल उत्पादन हुन्छ। अनार रोपेको ३ बर्षपछि उत्पादन दिन सुरु गर्छ। अनारको बोटबाट २५ बर्षसम्म उत्पादन लिन सकिन्छ। १० वर्षको बोटबाट १००-१५० दाना फल प्रतिवर्ष उत्पादन हुन्छ । यसरी ८-१० मे.टन प्रति हेक्टर उत्पादन लिन सकिन्छ ।

